# मानव अधिकार पत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

बर्ष ४ अङ्क १ वैशाख

## नवनियुक्त राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षसहित चार जना सदस्यहरूबाट पदभार ग्रहण




*आयोगका नवनियूक्त मा. अध्यक्ष श्री तपबहादुर मगर, मा. सदस्य डा. सूर्य ढुङ्गेल, मा. सदस्य मिहिर ठाकुर, मा. सदस्य मनोज दुवाडी र मा. सदस्य लिली थापा*

**ललितपुर**/श्री तपबहादुर मगर तथा सदस्यहरू डा. सूर्य ढुङ्गेल, श्री मिहिर ठाकुर, श्री मनोज दुवाडी र श्री लिली थापाले आयोगमा पदभार ग्रहण गर्नुभएको छ ।

यसअघि आयोगका अध्यक्षले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको समुपस्थितिमा सम्माननीय प्रधानन्यायधीश श्री चोलेन्द्रशमशेर राणासमक्ष तथा सदस्यहरूले आयोगका अध्यक्षसमक्ष राष्ट्रपति भवन शीतलनिवासमा एक समारोहबीच सपथ ग्रहण गर्नुभएको थियो ।

संवैधानिक परिषद्ले नेपालको संविधानको धारा २४८ को उपधारा (२) बमोजिम मानव आयोगको अध्यक्ष तथा सदस्यमा उहाँहरूको नियुक्तिका लागि सिफारिस गरेको थियो । आयोगमा आयोजित पदभार ग्रहण कार्यक्रममा आयोगका अध्यक्ष तथा सदस्यहरूले मानव अधिकारको प्रभावकारी संरक्षण, संवर्धन तथा कार्यान्वयनको सुनिश्चितामा सक्रियतापूर्वक लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सोही दिन बसेको नवनियुक्त पदाधिकारीहरूको पहिलो वैठकले पदाधिकारीमा नियुक्तिका लागि सिफारिस गर्ने

संवैधानिक परिषद् तथा नियुक्तिका लागि सम्मानानीय राष्ट्रपतिज्यूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ। आयोगका नवनियुक्त पदाधिकारीहरूले आयोगमा कार्य प्रारम्भ गरेपश्चात् आयोगका निवर्तमान अध्यक्ष तथा सदस्यहरूसँग शिष्टाचार भेटघाट कार्य सम्पन्न भएको थियो । भेटघाटमा वर्तमान मानव अधिकार अवस्था, मानव अधिकारको सुनिश्चितता गर्ने सवालमा रहेका चुनौती तथा मानव अधिकार संरक्षण र संवद्धनार्थ समाधानका उपायहरूबारे छलफल भएको थियो।

आयोगका नवनियुक्त पदाधिकारीहरूले आयोगको पदभार ग्रहण गरेलगत्तै गोरखा फुँजेलका कृष्णप्रसाद अधिकारीको हत्याका दोषीमाथि कारबाहीको माग राख्दै लामो समयदेखि अनसन बस्दै आउनुभएकी गंगामाया अधिकारीको पछिल्लो अवस्था सम्बन्धमा अनसनस्थल वीर अस्पताल ट्रमा सेन्टरमा माननीय अध्यक्षसहितको उच्चस्तरीय टोलीबाट अनुगमन भएको छ। अनसनरत गंगामाया अधिकारकोबारेमा पछिल्लो स्वास्थ्य अवस्थासम्बन्धी जानकारी लिनुका गर्नुका साथै समस्या समाधानका लागि नेपाल सरकारको गृह सचिव, कानुन सचिव तथा आइजिपीसँग छलफल गरी समस्या समाधानार्थ पहल गरेको थियो। अनसनरत गंगामाया अधिकारीको जीवन रक्षार्थ सरकारको ध्यानाकर्षण गराउँदै आएको छ।

यस समयावधिमा राष्ट्रिय अपाङ्ग महासङ्घद्वारा आयोगका नवनियुक्त पदाधिकारीहरूसँग शिष्टाचार भेट कार्य सम्पन्न भएको छ । भेटमा नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्था र अपाङ्गता भएका व्यक्तिहरूको विद्यमान अवस्था तथा सुधारका सम्बन्धमा छलफल भएको थियो । त्यस्तै कोशिस नेपालका पदाधिकारीहरूसँग शिष्टाचार भेट सम्पन्न भएको थियो । भेटमा नेपालमा मानसिक स्वास्थ्यको अवस्था, यसलाई राज्यले सम्बोधन गर्नुपर्ने अपरिहार्यता र मानसिक स्वास्थ्यलाई न्यूनीकरण गर्न आम मानिसहरू, निकायहरू र राज्यको भूमिकाबारे छलफल भएको थियो । इन्सेकका पदाधिकारीहरूसँग पनि आयोगको शिष्टाचार भेट सम्पन्न भएको थियो। सो अवसरमा देशमा मानव अधिकारको विद्यमान अवस्था, मानव अधिकार सुनिश्चितताउपर चुनौती र मानव अधिकार उल्लङ्घनलाई न्यूनीकरण गर्न चाल्नुपर्ने उपयुक्त कदमहरूबारे छलफल भएको थियो।

CZOP (Children as Zones of Peace National Campaign) को तर्फबाट आयोगका नवनियुक्त माननीय अध्यक्ष तथा सदस्यहरूलाई शुभकामना तथा बाल अधिकारको विषयमा आगामी दिनहरूमा समन्वय सहकार्य गर्ने बारे छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

## ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मानव अधिकारका विविध विषयमा छलफल

**ललितपूर**/राष्ट्रिय मानव अधिकार आयोगले ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०) को अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरेको छ । मानव अधिकार राष्ट्रिय महाभेला २०७७ सँगको सहकार्यमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइएको हो। अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने सन्दर्भमा आयोगको केन्द्रीय कार्यालयले डिसेम्बर ९ देखि ११ सम्म मानव अधिकारका समसामयिक विषयहरूमा छलफलहरू चलाएको थियो ।

डिसेम्बर ९ मा "नेपालमा मानव अधिकार रक्षकहरूको भूमिका, अवस्था र संरक्षण" विषयक संवाद कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रमा आयोगका सह-सचिव नवराज सापकोटाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम, नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्य र दलित गैरसरकारी संस्था महासङ्घका अध्यक्ष भक्त विश्वकर्माले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो । उक्त विषयमा मुख्य वक्ताको रूपमा थर्ड एलाइन्सका कार्यकारी निर्देशक मोहनकुमार कर्ण वरिष्ठ महिला अधिकारकर्मी डा. रेणु अधिकारी र मानव अधिकार राष्ट्रिय महाभेला-२०७७ का संयोजक गोविन्द शाहीले मानव अधिकार रक्षकको भूमिकालाई अझै प्रभावकारी बनाउनुपर्ने र उनीहरूको सुरक्षाको सवाललाई राज्य तथा अन्य सरोकारवालाले सम्बोधन गर्नुपर्ने भनाइ राख्नुभएको थियो । कार्यक्रमा विशेष

अतिथिको रूपमा मधेशी आयोगका अध्यक्ष माननीय विजय दत्त र प्रमुख अतिथिको रूपमा आयोगका पूर्व अध्यक्ष माननीय केदारनाथ उपाध्याय रहनुभएको थियो । आयोगको प्रवर्धन महाशाखा नि.प्रमुख दिपेन्द्र बहादुर सिंहले सहजीकरण र मानव अधिकार राष्ट्रिय महाभेला २०७७ को तर्फबाट मानव अधिकार एलाइन्सका विदुर सुवेदीले सहभागी सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

त्यसैगरी, कार्यक्रमको दोस्रो दिन (डिसेम्बर १०) मा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक वृहत कार्यशाला सम्पन्न भएको छ । आयोगका सिफारिस कार्यान्वयनका लागि नागरिक समाजको आबद्धता र सरोकार मध्यनजर गर्दै मानव अधिकार राष्ट्रिय महाभेलाका पूर्व संयोजक तथा मानव अधिकारकर्मी चरण प्रसाईले "राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनको अवस्था" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रउपर आयोगका पूर्व सदस्य तथा मानव अधिकारकर्मी सुशिल प्याकुरेल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव कौशलचन्द्र सुवेदी र वरिष्ठ अधिवक्ता तथा काठमाडौं स्कूल अफ ल का प्राध्यापक गीता पाठक संग्रौलाले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा मुख्य वक्ताका रूपमा सङ्घीय संसद कानुन न्याय तथा मानव अधिकार समितिका सभापति माननीय कृष्णभक्त पोखरेल, आयोगका पूर्व सदस्य तथा मानव अधिकारकर्मी कपिल श्रेष्ठ, अधिवक्ता तथा सङक्रमकालीन न्यायका विज्ञ गोविन्द बन्दी, राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष तथा मानव अधिकारकर्मी गणेश विश्वकर्मा, मानव अधिकार राष्ट्रिय महाभेला-२०७७ का संयोजक गोविन्दबहादुर शाही, UNDP Resident Representative Ayshanie Labe लगायतले आफ्ना भनाइहरू राख्नुभएको थियो ।

कार्यक्रममा प्रमुख वक्ता तथा अतिथिकोरूपमा पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले विषयवस्तुमाथि आफ्ना भनाइ राख्नुभएको थियो । आयोगको प्रवर्धन महाशाखाका नि.प्रमुख दिपेन्द्रबहादुर सिंहले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रमको तेस्रो दिन (डिसेम्बर ११) मा 'कोभिड-१९ महामारीमा मानव अधिकारको अवस्था र यसले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा पारेको प्रभाव' सम्बन्धमा छलफल सम्पन्न भएको छ । उक्त विषयमा आयोगका सह-सचिव यज्ञप्रसाद अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथि उपभोक्ता अधिकारकर्मी तथा अधिवक्ता ज्योति बानियाँ, वरिष्ठ महिला अधिकारकर्मी लिली थापा र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका पोर्टफोलियो म्यानेजर टेक टमटाले टिप्पणी गर्नुभएको थियो । उक्त विषयमा मुख्य वक्ताको रूपमा आदिवासी जनजाति महासङ्घका अध्यक्ष जगत बराम, राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष मित्रलाल शर्मा, गैसस महासङ्घका अध्यक्ष जीताराम लामा, नेपाल पत्रकार महासङ्घ अध्यक्ष्य गोविन्द आचार्य र मानव अधिकार राष्ट्रिय महाभेला २०७७ का संयोजक गोविन्दबहादुर शाहीले आफ्ना भनाइ राख्नुभएको थियो । उक्त कार्यक्रममा आयोगका निवर्तमान अध्यक्ष अनूप राज शर्मा प्रमुख अतिथि रहनुभएको थियो । आयोगको प्रवर्धन महाशाखाका अधिकृत लक्ष्मी राईले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । मानव अधिकार राष्ट्रिय महाभेला-२०७७ का सह-संयोजक गीता पाण्डेले कार्यक्रममा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कोभिड–१९ को महामारीका कारण भौतिक उपस्थितीमासम्पन्न गर्न नसकिने अवस्थाले गर्दा कार्यक्रमहरू भर्च्युअल माध्यमबाट गरिएको थियो । उक्त कार्यक्रमहरूमा देशभरबाट सय जनाभन्दा बढीको सहभागिता रहेको थियो । तीनैओटै

कार्यक्रमहरू आयोगका सचिव वेद भट्टराईको अध्यक्षतामा सम्पन्न भएका थिए ।

## पत्रकारका लागि मानव अधिकार तालिम

**लमजुङ**/राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा मिति २०७७ माघ १६ र १७ गते लमजुङको वेशीसहरमा पत्रकारका लागि मानव अधिकार तालिम सम्पन्न गरियो । उक्त तालिममा तनहुँ र लमजुङ जिल्लाका एफ.एम, टेलिभिजन, राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कार्यरत पत्रकारहरूको सहभागिता रहेको थियो ।




तालिम कार्यक्रममा मानव अधिकार, सुशासन र जिल्लाको मानव अधिकारको अवस्था, आयोगको काम कर्तव्य र अधिकार, मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका, मानव अधिकारको विकासक्रम, मानव अधिकारका आधारभूत मूल्य र मान्यता, अपराध र मानव अधिकार उल्लङ्घनबिच भिन्नता, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्था, नेपाल सरकारको मानव अधिकार सम्बन्धि राष्ट्रिय कार्ययोजनामा भएका व्यवस्था, मानव अधिकार रक्षकको काम कर्तव्य र अधिकार एवं चुनौती, मानव अधिकार र पत्रकारिता विषयमा अथिति/सहभागीहरूले आफ्ना भनाइ राख्नुभएको थियो । यसरी मन्तव्य राख्नेहरूमा लमजुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मा, आयोग गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख उपसचिव चन्द्रकान्त चापगाईं, समन्वय महाशाखा प्रमुख रमेशकुमार थापा, गण्डकी प्रदेश कार्यालयका मानव अधिकार अधिकृत टंकप्रसाद खनाल हुनुहुन्थ्यो । नेपाल पत्रकार महासङ्घ लमजुङका आश गुरुङले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । उक्त तालिममा २२ जना पुरुष र २५ जना महिलासहित जम्मा ४७ जना पत्रकारहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम कार्यालय, धनगढीले आप्रवासी कामदारको मानव अधिकार अवस्था सम्बन्धमा कैलाली र कञ्चनपुर जिल्लाका सीमा क्षेत्रमा अनुगमन गरेको छ । कैलाली र कञ्चनपुर जिल्लाका अधिकांश भुभागहरू छिमेकी मुलुक भारतसँग जोडिएको, खुला सिमाना, सहज प्रकिया, थोरै भाडाखर्च भए पुग्ने, अदक्ष कामदारहरूले समेत सहज रूपमा काम पाइने हुनाले यस क्षेत्रका युवाहरू भारततर्फ आकर्षित भएको देखिन्छ। अर्कोतर्फ नेपालमा रोजगारीको अभाव, गरिबी, सुविधा र अवसरको कमी, अशिक्षा, भौगोलिक बिकटता, परनिर्भरता जस्ता कारण नेपाली युवाहरूलाई विकर्षण गराएको देखिन्छ ।

हाल विश्वभरी फैलिरहेको कोभिड १९ का कारण धेरै नागरिकले रोजगारी गुमाउनुपरेको, लामो समयदेखि देश बन्दाबन्दीको अवस्थामा रहेकाले नागरिकले आर्थिक समस्याबाट गुज्रिनुपरेको लगायतका कारणले आप्रवासी कामदारहरूको अधिकार जोखिममा परेको आयोगको प्रतिवेदन तथा विभिन्न समाचारहरूको अध्ययनबाट

देखिन्छ । अनुगमन टोलीले सीमा नाकाहरूको अनुगमन, सरोकारवाला निकाय तथा व्यक्तिहरूसँग छालफल गरेको थियो । सो क्रममा मुख्य सीमानाकाहरूमा सशस्त्र प्रहरी बलका प्रहरीहरूले बी.ओ.पी.खडा गरी सीमाको सुरक्षा व्यवस्था मिलाइएको कारण अन्य खुला सीमानाकाहरूबाट लुकीछिपी आवागमन हुने भएकाले ती नाकाबन्द भएको जानकारी गराइएको थियो । कोभिडको सुरु समयमा सीमा नाका बन्द गरेर नेपालीहरूलाई सीमा पारी राख्ने कार्यले आप्रवासी कामदारहरूको स्वतन्त्रपूर्वक आफ्नो स्वदेश फिर्ती हुन पाउने अधिकारलाई राज्यले सम्बोधन गर्न सकेको थिएन । पछिल्लो समय उनीहरू आफ्नो घर फिर्ती भइसकेको अवस्थामा पुन: लामो समय लकडाउन हुँदा उनीहरूले कमाएर ल्याएको रकम सकिएपछि रोगभन्दा भोक ठुलो भनी भारततिर लागेको अनुगमनबा पाइयो । भारतीय सरकारले लकडाउनलाई केही खुकुलो गरेसँगै रोजगारदाताले काममा बोलाउन थालेपछि रोजगारी गुम्ने डरले पनि नेपालीहरू सीमामा लाइन लाग्न पुगेको पाइयो । असोज महिनाको दोस्रो हप्तादेख दशैं, तिहार नजिकिएसँग नेपाल भित्रिनेको सङ्ख्या बढिरहेको पाइयो । भारतबाट आउनेहरूलाई सिधै वा टाढा जानेहरूलाई होल्डिङ सेन्टरमा राखी उनीहरूको गन्तव्यसम्म पुऱ्याउने गरिएको पाइयो । होल्डिङ सेन्टरहरू गुणस्तरीय तथा मापदण्डअनुसार नभएको भन्ने गुनासोहरू विभिन्न माध्यमबाट सुनिएको र आयोगबाट समय-समयमा गरिएको अनुगमनबाट समेत सोही अवस्था पाइएकोले सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको थियो । क्वारेन्टिनमा रहने आम नागरिकहरूले पनि स्वास्थ्य सतर्कतासम्बन्धी आवश्यक मापदण्ड पालना नगरेको अनुगमनको क्रममा देखियो ।

त्यसैगरी, अनुगमनको क्रममा विभिन्न सङ्घ संस्थाहरूको प्रतिवेदन अध्ययनबाट प्राप्त जानकारीअनुसार सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरूबाट मजदुरीका लागि गएका धेरै सङ्ख्याका नेपालीहरू हालसम्म बेपत्ता भएको देखिएको छ । बेचबिखनमा परेका कामदारलाई उद्धार, फिर्ता गर्ने, पुन:स्थापना तथा सामाजिक एकीकरण गर्नेजस्ता कार्यहरूका लागि सरकारी निकायबाट प्रभावकारी संयन्त्र तथा पर्याप्त व्यवस्था हुन नसकेको समेत आयोगको अनुगमनबाट देखिएको छ । आप्रवासी कामदारहरूले कार्यस्थल र सीमा प्रवेशमा धेरै समस्याहरू भोग्न बाध्य भएको भन्ने जानकारीहरू विभिन्न सञ्चारमाध्यमहरूमा आए पनि आयोगमा हालसम्म कुनै उजुरी दर्ता हुन आएको देखिँदैन ।

कुनै पनि स्थानीय निकायहरूले बैदेशिक रोजगारीमा जाने नेपालीहरूको अभिलेख नराख्ने गरेको कारण कुन स्थानीय तहबाट कति नेपाली नागरिक कुन देशमा रोजगारीमा गएका छन् ? त्यसको विवरण नपाइएको हुँदा सो को विवरण अद्यावधिक गराइ राख्नुपर्ने आवश्यक्ता रहेको देखिन्छ । यसको लागि स्थानीय तहले न्यूनतम शुल्क राखेर विवरण राख्ने र सो शुल्क कल्याणकारी कोषमा जम्मा गर्दै जाने र स्थानीय सरकारले बार्षिक रूपमा एकमुष्ट अनुदान थप गरी कोष बृद्धि गर्दै गएमा बिदेशमा समस्यामा परेका व्यक्तिहरूलाई सहयोग यही कोषबाट गर्न सकिन्छ तर हालसम्म यस्तो नभएकोले यसको लागि स्थानीय तहहरूलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

## मानव अधिकार अवस्था विषयक अन्तरसंवाद



**कैलाली**/आयोगको प्रदेश कार्यालय, धनगढीले सुदूरपश्चिम प्रदेशको मानव अधिकार अवस्था सम्बन्धमा विभिन्न सर ोकारवालासँग छलफल तथा अन्तर्क्रिया गरेको छ । ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मानव अधिकार सञ्जाल तथा मानव अधिकार महाभेला धनगढीको सहकार्यमा उक्त छलफलको आयोजना गरिएको थियो ।

सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री त्रिलोचन भट्टको प्रमुख अतिथ्ता तथा आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख मोहनदेव जोशीको अध्यक्षतामा उक्त छलफल सम्पन्न भएको थियो । विशिष्ट अतिथिमा सुदूरपश्चिम प्रदेश सभा,

सामाजिक विकास समितिका सभापती माननीय कुन्ती जोशी र प्रदेशका मुख्यन्यायधिवक्ता कुलानन्द उपाध्यय रहनुभएको थियो ।

कार्यक्रममा मौलिक हकको कार्यान्वयनमा सरकारको सकारात्मक प्रयासका बाबजुद कोभिड १९ को महामारीको अवस्थामा महिला हिंसाका घटनारुमा वृद्धि भएको भनाइ सहभागीहरूबाट राखिएको थियो । सरकार ध्यान राहत वितरणमा मात्र केन्द्रित रहेकाले नागरिकहरूको स्वास्थ्य अधिकार जोखिममा परेको कार्यक्रमका वक्ताहरूले बताए । प्रदेश सरकारले ४२ वटा कानुन निमार्ण गरेको तर नागरिक समाज तथा सरोकारवालालाई जानकारी नभएको सहभाथी वक्ताहरूले बताए । कोभिड १९ को कारण नेपाल फर्किएकाहरूलाई रोजगारी सिर्जना गर्नमा प्रदेश सरकारको ध्यान जान नसक्दा पुनः वैदेशिक रोजगारीमा जान बाध्य भएको भनाइ सहभागीहरूले राखेका थिए । द्वन्दपीडितहरूको उचित सम्बोधनका लागि न्यायिक संयन्त्रहरू निर्माण भए पनि आवश्यक कानुनको अभावमा प्रभावकारी कार्य हुन नसक्दा द्वन्दपीडितले अझैपनि न्याय प्राप्त गर्न नसकेकोमा गुनासो गरेका थिए । बलात्कार पीडितहरूको न्यायमा पहुँच पुग्न नसक्दा सामाजिक अपहेलना तथा असुरक्षित महसुस गरेका, हिंसा पीडित महिला तथा बालबालिकाहरूको संरक्षणको लागि सेफहाउस निर्माण गरिनुपर्नेमा प्रदेश सरकारको ध्यान जान नसकेकोमा सहभागीहरूले गुनासो गरेका थिए । क्वारेण्टिनमा भएको जातीय छुवाछूत सम्बन्धी घटनालाई सरकारले न्यायिक प्रक्रियाबाट अगाडि बढाउन चासो नदिएको एवम् राष्ट्रिय मानव अधिकार आयोगले दोषी किटान गरी कारबाहीको लागि सिफारिस गरेका व्यक्तिहरूलाई कानुनी कारबाही हुन नसक्दा दण्डहीनताले प्रश्रय पाइरहेको कार्यपत्र प्रस्तुतिको क्रममा राखिएको थियो ।

इन्सेक प्रदेश संयोजक खडकराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने गैसस महासङ्घका प्रदेश संयेजक देवी खनालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा प्रदेश सरकारको तर्फबाट मुख्य न्यायाधिवक्ता कुलानन्द उपाध्याय र मानव अधिकार समुदायको तर्फबाट पत्रकार महासङ्घका प्रदेश संयोजक अर्जुन शाहले सुदूरपश्चिमको मानव अधिकारको अवस्थासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा सरकारी निकाय, मानव अधिकारकर्मी, नागरिक समाज, पत्रकारलगायत गरी ८१ जनाको सहभागिता रहेको थियो । त्यसैगरी आयोग, तथा अधिकारकर्मीहरूले साँझ धनगढीको पार्क मोडमा दीप-प्रज्ज्वलन कार्यक्रमसमेत सम्पन्न भएको थियो । सोही दिन अपाङ्गता अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसस्थाको कार्यक्रममा आयोग मार्फत प्रदेश सरकार र स्थानीय सरकारलाई अपङ्गता अधिकार संरक्षणका लागि २१ बुँदे माग पत्र प्रदान गरिएको थियो ।

## पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न आयोगको पत्राचार

**खोटाङ**/राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ शाखा कार्यालय खोटाङले खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाका जिल्ला समन्वय समिति र स्थानीय तहहरूलाई पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न पत्राचार गरेको छ । यस कार्यालयका कार्यक्षेत्रअन्तर्गतका कुनैपनि स्थानीय तहहरूमा कार्ययोजना कार्यान्वयनका लागि समितिहरू गठन हुन नसकेकोले तीनै जिल्लाका समन्वय समितिहरू र २६ ओटै स्थानीय तहहरूलाई पत्राचार गरिएको हो ।

नेपाल सरकारले २०७७ असोज २६ गते जारी गरेको मानव अधिकार राष्ट्रिय कार्ययोजनामा नागरिकहरूको शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, आवास, श्रम तथा रोजगार, बाल अधिकार, सामाजिक न्याय, लक्षित वर्गको सशक्तिकरण र विकास, वातावरण र दिगो विकास, सांस्कृतिक अधिकार, कारागार सुधार, सङकमणकालीन न्याय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायका सिफारिस कार्यान्वयन, मानव अधिकार शिक्षा र संस्थागत सुदृढिकरण समेतका सत्रवटा विषयहरू समावेश गरिएको छ । जिल्लास्तरमा यो कार्ययोजना कार्यान्वयनका लागि जिसस प्रमुखको संयोजकत्वमा जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुख/उपप्रमुखको संयोजकत्वमा स्थानीय समिति गठन गरी कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कार्ययोजना कार्यान्वयनले उल्लेखित विषयमा सुधार आई तीन जिल्लाका नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोगमा महत्त्वपूर्ण योगदान पुग्नेछ ।

कार्ययोजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई तोकिएको छ। आयोगले स्थानीय तहहरूबाट भएका कार्यहरूबारे अनुगमन सुरु गरेको छ। आयोगको प्रदेश शाखा कार्यालय खोटाङले ओखलढुङ्गाका स्थानीय तहमा कार्ययोजनाबारे स्मरण गराउँदै स्वास्थ्यको अधिकार अवस्था सम्बन्धमा प्रारम्भिक अनुगमन सुरु गरेको छ।

## गङ्गामाया अधिकारीको जीवन रक्षाका लागि आयोगको निर्देशन

**काठमाडौँ**/ छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीउपर कारवाहीको माग राखी लामो समयदेखि अनसनरत गङ्गामाया अधिकारीको जीवन रक्षाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको आज बसेको बैठकले नेपाल सरकारलाई देहायबमोजिमको निर्देशन दिने निर्णय गरेको छः

१. आयोगको उच्चस्तरीय अनुगमनबाट गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको पाइएको हुँदा निजको उपचारको लागि आवश्यक विशेष व्यवस्था मिलाउन,

२. गङ्गामाया अधिकारीको जीवन रक्षाको लागि न्यायको अनुभूति हुने गरी मानव अधिकारकर्मीसहितको उच्चस्तरीय कार्यदल गठन गरी यथाशीघ्र आवश्यक र उपयुक्त कदम चाल्न,

३. कृष्णप्रसाद अधिकारीको हत्याका आरोपीमध्येका एक रुद्रप्रसाद आचार्य नेपालबाहिर रहेको भन्ने सरकारी कागजातहरूबाट समेत देखिएको हुँदा निज जहाँ भए पनि आवश्यक प्रकिया पूरा गरी निजलाई अदालत समक्ष शीघ्र उपस्थित गराउन,

साथै, बैठकले अनसनरत गङ्गामाया अधिकारीलाई आफ्नो जीवनप्रति संवेदनशील बन्दै न्यायको अनुभूति समेतको लागि आफ्नो अनसनलाई स्थगित गर्न अनुरोध गर्दै कृष्णप्रसाद अधिकारीको हत्याका सम्बन्धमा भैरहेको न्याय सम्पादन प्रकियालाई शीघ्र निष्कर्षमा पुर्‍याउने कार्यमा सहयोग पुर्‍याउन सम्बद्ध सबै पक्षलाई आग्रहसमेत गरेको छ।

## घरेलु हिंसा कसुर र सजायसम्बन्धी अन्तरकिया कार्यक्रम सम्पन्न

**काठमाडा**/राष्ट्रिय मानव अधिकार आयोगले सिराहको लाहानमा घरेलु हिंसा कसुर र सजायसम्बन्धी ऐन, २०६६ को कार्यान्वयन अवस्थासम्बन्धी एक दिने अन्तरकिया कार्यक्रम सम्पन्न गरेको छ।

आयोगका मानव अधिकार अधिकृत सन्ध्या कुमारी पुडासैनीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथिमा लाहान नगरपालिकाका उपप्रमुख सरियार चौधरी रहनुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि चौधरीले नेपाली समाज सदियौँदेखि पितृसत्तात्मक अहङ्कारबाट गुज्रिँदै आएको टीप्पणी गर्दै महिला अधिकारको उपभोगको लागि सङ्घर्ष जारी नै रहेको बताउनुभयो। उहाँले बिगतका वर्षहरूमा महिला अधिकारकर्मीहरूलाई काम गर्न निकै कठिन भएको बताउँदै पहिलेको तुलनामा अहिले काम गर्न धेरै सहज भएको भनाइ राख्नुभयो। यसको साथै उहाँले पीडित महिलाहरूलाई उद्यमी बनाउनको लागि महिला विकास शाखाबाट आवश्यक बजेट छुटचाइ सीप विकाससम्बन्धी तालिमहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा घरेलु हिंसा पीडित महिलाहरूले भोगेका समस्याहरू सुनाउँदै न्यायको लागि पहल गरिदिन आयोगलाई आग्रह गरेका थिए। पितृसत्तात्मक सोंचले गर्दा महिलाहरू हिंसा पीडित बन्दै गएको, हिंसा पीडित महिलाहरूले कानुन कार्यान्वयन गर्ने निकायबाट न्याय नपाउँदा असुरक्षित महसुस गरेका, महिला अधिकारका कुरा संविधान र कानुनमा मात्र रहेको व्यवहारमा लागु हुन नसकेको लागायतका भनाइ कार्यक्रमका वक्ताहरूले राखेका थिए।

कार्यक्रममा महिला मानव अधिकार सञ्जालकी संयोजक रेनु कर्ण, मानव अधिकारकर्मीहरू देवराज पोखरेल, भैरव गेलाल, सुनिल साहलगायतले आफ्ना धारणा राख्नुभएको थियो। आयोगका मानव अधिकार अधिकृत रुना महर्जनले घरेलु हिंसा कसुर र सजायसम्न्धी ऐनमा रहेका प्रावधानहरूमाथि प्रकाश पार्नुभएको थियो।

त्यसैगरी, घरेलु हिंसा कसुर र सजायसम्बन्धी ऐनको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगद्वारा सप्तरीको राजविराजमा आयोजित कार्यक्रमका वक्ताहरूले घरेलु हिंसा न्यूनीकरणको लागि सबै पक्षको भूमिका महत्त्वपूर्ण हुने बताइएको छ। कार्यक्रममा प्रमुख अतिथिको रूपमा सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी हरिशंकर आचार्य रहनुभएको थियो । अन्य अतिथिहरूमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साह, जिल्ला अदालत सप्तरीका श्रेस्तेदार, सशस्त्र प्रहरी उपरीक्षक, जिल्ला प्रहरी अनुसन्धान कार्यालय, सप्तरीका प्रमुख, राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, जेष्ठ नागरिक महासङ्घ, सप्तरी, सामुदायिक प्रहरी केन्द्र सप्तरी, प्रेस स्वतन्त्रता सेनानी वद्यनाथ झा, सेतु सामुदायिक विकास मानव अधिकार मञ्चका अध्यक्ष, जंगबहादुर सिंह, एकल महिला सङ्घ प्रदेश २ का अध्यक्ष लगायत गैरसरकारी संस्था महासङ्घ, महिला अधिकारकर्मी, सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

## सामाजिक वहिष्करणमा परेका ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षण गर्न आग्रह

**खोटाङ**/दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं.-१ निवासी एक ज्येष्ठ नागरिक तथा उनको परिवार माथि लामो समयदेखि भएको सामाजिक बहिष्करणको घटना सम्बन्धमा आयोगका सचिव वेद भट्टराई तथा अधिकृतहरू संलग्न उच्चस्तरीय टोलीले अनुगमन गरेको छ। नगरपालिकाको वडा नं.१ निवासी पीडित टंकप्रसाद आचार्यको घरमा पुगी टोलीले घटनाका सम्बन्धमा बिस्तृत जानकारी लिएको छ।

जिल्ला समन्वय समिति खोटाङले आयोजना गरेको जातीय भेदभावविरुद्धको सहभोज कार्यक्रममा सहभागि भई दलित समुदायले दिएको दही खाएको आरोपमा निज टंकप्रसाद आचार्यलाई मिति २०७५ असार महिनादेखि आफन्त तथा छिमेकीहरूबाट निरन्तर सामाजिक बहिष्करण हुँदै आएको आयोगको प्रारम्भिक अनुगमनबाट देखिएको छ । जातीय भेदभावजस्तो अमानवीय र आपराधिक कार्य बिरुद्धको अभियानमा संलग्न ज्येष्ठ नागरिक तथा अभियन्तालाई समाजले गौरवको रूपमा लिनुपर्नेमा सामाजिक बहिष्कार गर्नु अत्यन्त निन्दनीय कार्य हो। जातीय छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले पनि यस्तो कार्यलाई दण्डनीय मानेको आयोगले स्मरण गराएको छ। घटनाका सम्बन्धमा सुक्ष्म अनुसन्धान गरी दोषीहरूलाई कानुनी दायरामा ल्याउन, पीडितलाई मानसिक पीडाबाट मुक्त गर्न तथा आवश्यक सुरक्षाको प्रत्याभूति गराउन आयोगको यस कार्यालयले जिल्ला प्रशासन कार्यालय खोटाङ र दिक्तेल, रूपाकोट, मझुवागढी नगरपालिकालाई पत्राचार गरेको छ । सामाजिक कुरीति तथा विभेदविरुद्धको पवित्र अभियानमा लागेका ज्येष्ठ नागरिक वा अन्य कुनै पनि व्यक्तिमाथि कानुनद्वारा दण्डनीय हुन सक्ने कुनै पनि कार्य नगर्न, नगराउन आयोगको प्रदेश शाखा कार्यालय खोटाङले स्थानीय बासिन्दा तथा राजनीतिक दलहरूसमेतलाई आग्रह गरेको छ।

## विकासको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गर्ने प्रतिबद्धता

**खोटाङ**/राज्यका सबै निकायहरूले सम्पादन गर्ने कार्यप्रतिको आम नागरिकको अवधारणाले नै कुनैपनि देश, प्रदेश वा स्थानीय तहको समग्र मानव अधिकार अवस्था चित्रित गर्ने हुँदा त्यसतर्फ स्वमूल्याङ्कन गरी अघि बढ्न राष्ट्रिय मानव अधिकार आयोगका सचिव वेद भट्टराईले आग्रह गर्नुभएको छ। उहाँले विकासलाई मानव अधिकारसँग जोडेर अगाडि बढाउन सकिएमा मात्र दीगो हुने बताउनु भयो। खोटाङ जिल्लाको दिक्तेल, रूपाकोट, मझुवागढी नगरपालिका, रावाबेसी गाउँपालिका र ऐँसेलुखर्क गाउँपालिकामा फागनु १० देखि १४ गतेसम्म स्थानीय तहका जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी तथा सरकारी कार्यालयका प्रमुखहरूबिच आयोजना गरिएको विकासको अधिकारमा स्थानीय तहको भूमिकासम्बन्धी छुट्टाछुट्टै छलफल कार्यक्रमलाई सम्बोधन गर्दै त्यस्तो आग्रह गर्नुभएको हो।

कार्यक्रममा दिक्तेल, रूपाकोट, मझुवागढी नगरपालिकाका प्रमुख दीपनारायण रिजालले सबै कर्मचारीले आफुपनि अर्को कार्यालयको सेवाग्राही भएको महसुस गरी आफ्नो कार्य सम्पादन गरेमा त्यसले नागरिकको अधिकार स्वतः सम्बोधन हुँदै जाने बताउनु

भएको थियो । खोटाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले विकाससहित सम्पूर्ण गतिविधिलाई मानव अधिकारसँग जोडेर लैजानुपर्नेमा जोड दिनुभयो । नगरपालिका उपप्रमुख, गाउँपालिका अध्यक्ष र उपाध्यक्षहरूले विकास निर्माणको कार्य अगाडि बढाउँदा मानव अधिकार र विकासको अधिकारको विषयमा थप ध्यान दिइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

सबै पालिकाका प्रमुख/अध्यक्षको अध्यक्षतामा सम्पन्न भएका कार्यक्रमहरूमा आयोगको प्रदेश शाखा कार्यालय खोटाङका कार्यालय प्रमुख श्यामबाबु काफ्लेले विकास र मानव अधिकारसम्बन्धी अवधारणाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथिको छलफलमा खोटाङ जिल्लाका कार्यालय प्रमुखहरू, तीन वटै पालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा नगर उपप्रमुख विणादेवी राई, रावाबेंसी गापाका अध्यक्ष लीलानाथ निरौला, ऐँसेलुखर्क गापाका अध्यक्ष विश्वनाथ निरौला र ऐँसेलुखर्क गाउँपालिकाकी उपाध्यक्ष पुष्पकला भुजेलले आफुहरूले गरिरहेको गतिविधिको बारेमा जानकारी गराउँदै विकासको अधिकारलाई मानव अधिकारको अभिन्न अङ्गको रूपमा आत्मसात गरी कार्य गर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।

## नागरिकहरूको स्वास्थ्य अधिकारको अवस्था र सरोकारवालाको जिम्मेवारी विषयक अन्तरसंवाद




**कैलाली**/आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीले सुदूरपश्चिम प्रदेशमा नागरिकहरूको स्वास्थ्य अधिकारको अवस्था र सरोकारवालाको जिम्मेवारी विषयमा अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा प्रदेश सरकारले स्वास्थ्य समिति संरचनागत, उपकरण र बजेटको व्यवस्था गरेको तर त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको निष्कर्षसहित अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको थियो । आयोगका मानव अधिकार अधिकृत रूपाश्री निरौलाले सुदूरपश्चिमका विभिन्न जिल्लामा नागरिकको स्वास्थ्य अधिकारमा पहुँचको अवस्था सम्बन्धमा आयोगले गरेको स्थालगत अनुगमनबाट प्राप्त तथ्य तथा मिडिया अनुगमनबाट प्राप्त सूचनाका आधारमा तयार गरिएको विषयवस्तु प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयका डा. भूषण मिश्र तथा सामजिक विकास मन्त्रालयका डा. चेतराज जोशीले स्वास्थ्य अधिकारको अवस्था र प्रदेश सरकारबाट भएका प्रयासहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

आयोग सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख मोहनदेव जोशीको अध्यक्षतामा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री कृष्णराज सुवेदी प्रमुख अतिथि रहनुभएको थियो। आयोगका मानव अधिकार अधिकृत प्रकृति सिंहले कार्यक्रमको सञ्चालन गर्नर्भको थियो । कार्यक्रममा कैलाली जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी हिरालाल चौधरी, इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक खडगराज जोशी, गैरसरकारी संस्था महासघंका केन्द्रीय सचिव धर्मराज पाठक, वरिष्ठ पत्रकार उमिद वागचन्द, कैलाली बारका अध्यक्ष, विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि, विभिन्न नीजि अस्पतालका सञ्चालक, नागरिक अगुवा, मानव अधिकारकर्मी लगायत ४५ जनाको उपस्थिति रहेको थियो।

## प्रहरीको कुटपीटबाट बालकको मृत्यु भएको भनिएको घटनाको आयोगद्वारा अनुगमन

**जुम्ला**/गुठीचौर गाउँपालिका-३ जुम्लाका १३ वर्षीय बालक पदमबहादुर बुढाको प्रहरीको कुटपीट तथा यातनाबाट मृत्यु भएको भनिएको घटनाको आयोगको कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाले घटनाको अनुगमन गरेको छ ।

आयोगको अनुगमन टोलीले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पुगी आइसियुमा राखिएको शवको अवलोकन गर्नुका साथै जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षकसँग घटनाको बारेमा जानकारी लिएको छ । निज बालकलगायत सात जनालाई मोबाइल चोरीको आरोपमा प्रहरीले २०७७ माघ १८ गते पक्राउ गरेको, सोधपुछको क्रममा पाइपले कुटपीट गरी निजहरूलाई सोही दिन छोडेको, कुटपीटका कारण पदम बुढाको बायाँ खुट्टाको पिँडौला र पाइतालामा नीलडाम परेको तथा खुट्टा सुन्निएको र उपचारकै क्रममा २०७७ फागुन ५ गते निजको मृत्यु भएको अनुगमनको क्रममा बुझिएको छ ।

आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाले विशेषज्ञ चिकित्सकबाट यथाशीघ्र शव परीक्षण गराउन जिल्ला प्रहरी कार्यालय, जुम्लालाई तथा मृत्यु भएको दुई दिन भइसक्दा समेत बालकको शव आइसियुमा नै रहेको पाइएकोले तत्कालै उपयुक्त स्थानमा शव व्यवस्थापन गर्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पत्राचार गरेको छ ।

नेपाल पक्षराष्ट्र बनेको बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को धारा ६ ले प्रत्येक बालबालिकाको बाँच्न पाउने अधिकारको सुनिश्चित गरेको छ भने धारा ३७ ले कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रूर र अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिन नहुने उल्लेख गरेको छ । त्यस्तै, बालन्याय कार्यविधि नियमावली, २०६३ को दफा ४ (ङ) ले कुनै कसुरमा बालकलाई पक्राउ गरेपश्चात् नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरुन्तै शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने व्यवस्था गरेको छ । उक्त घटनाको निष्पक्ष र विश्वसनीय अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन, आइसियुमा रहेको शव उपयुक्त स्थानमा व्यवस्थापन गर्न, विशेषज्ञ चिकित्सकबाट यथाशीघ्र शव परीक्षण गराउन तथा पीडित परिवारको संरक्षण र उचित क्षतिपूर्तिको व्यवस्था गर्न नेपाल सरकारलाई आयोगले आग्रह गरेको छ ।

## बाल गृहमा रहेका बालबालिकाहरूको मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन

**काठमाडौं**/नेपाल बाल सङ्गठनअन्तर्गत काठमाडौं उपत्यका एवम् काभ्रेपलाञ्चोक जिल्लामा सञ्चालित बाल गृहहरूमा रहेका बालबालिकाहरूको मानव अधिकार अवस्था सम्बन्धमा आयोगले अनुगमन गरेको छ । आयोगका अधिकृतहरू सम्मिलित अनुगमन टोलीले बाल गृहहरूको व्यवस्थापन, भौतिक संरचना लगायतका विषयमा स्थलगत अनुगमन गर्नुका साथै बाल गृहमा रहेका बालबालिकाको शिक्षा, स्वास्थ्य, जीवन सुरक्षालगायत आधारभूत मानव अधिकारको संरक्षण सम्बन्धमा व्यवस्थापन पक्षबाट चालिएका कदमहरूको बारेमा छलफल तथा जानकारी लिने कार्य गरेको थियो ।

सो क्रममा टोलीले नेपाल बाल सङ्गठन केन्द्रीय कार्यालय नक्साल पुगी जानकारी लिएको छ । अनाथ बालबालिकाको हित संरक्षण गर्ने विशिष्ट संस्थाको रूपमा रहेको नेपाल बाल सङ्गठन केन्द्रीय कार्यालयअन्तर्गत १० बालगृहहरू सञ्चालनमा रहेका, जसमा पाँच ओटा प्रत्यक्षतः सङ्गठनबाट (सरकारी अनुदानबाट) र अन्य पाँच गैरसरकारी सङ्घसंस्थाबाट सञ्चालित रहेको पाइएको छ । हाल पुरानो अभिलेखअनुसार ७५ जिल्लाहरूमा जिल्ला कार्य समिति रहेकोमा सङ्घीय संरचनाअनुसार थप भएका दुई जिल्लामा भने हालसम्म कार्य समिति नबनेको अनुगमनबाट पाइएको छ । सङ्गठनको आर्थिक कार्यभार जिल्लास्तरबाट प्राप्त बजेट र बाह्य अनुदानमा निर्भर छ । सरकारबाट चौमासिक रूपमा रु. ४० लाख अनुदान किस्तागत रूपमा प्राप्त हुने गरेको जुन निकै न्यून हो, जसको कारण आवश्यक न्यूनतम खर्चसमेत धान्न निकै समस्या परेको पाइएको छ । कार्यालयमा नियमित हाजिर भई काम गरिरहेका कर्मचारीले २५ महिनादेखि तलब पाउन नसकेको, नागरिकताको फाराम बिक्री गरेर आयआर्जन गर्ने गरिएको, पाँच वर्षमुनिका बालबालिकाको स्वाहारसुसारमा संलग्न विपन्न एकल आमालाई पारिश्रमिकलगायत आवश्यक खर्च जुटाउन समस्या भएको जानकारी टोलीलाई प्राप्त भएको छ ।

बालबालिकाको शिक्षाको बन्दोबस्त गर्नका लागि दाताहरूबाट अनुदान खोजी गरी प्राप्त अनुदानका आधारमा बालबालिकाको शिक्षाको व्यवस्था गर्ने कार्य हुँदै आएको पाइएको छ । दैनिक चार छाक खाना खुवाउँदै आएकोमा कतिपय बाल गृहहरूले आवश्यक बजेटको अभावमा दुई छाकमात्र खुवाउनुपर्ने अवस्था छ । केन्द्रीय कार्यालयको मुख्य भवन भूकम्पका कारण जीर्ण अवस्थामा रहेकोले पुनःनिर्माण प्राधिकरणबाट रेट्रोफिट्रिङ गर्ने कार्य भइरहेको हुँदा एउटा कोठामा १६/१७ जना बालबालिकाहरू रहेको पाइएको छ ।

त्यसैगरी टोलीले काठमाडौँको सिफलस्थित बाल संरक्षण गृह, ललितपुरको ठेचोस्थित बाल गृह, काभ्रेपलाञ्चोकको



पाँचखालस्थित बाल गृहको स्थलगत अनुगमन गरेको छ । सो क्रममा बजेटको अभावका कारण बालबालिकाहरूको गाँस, बास तथा शिक्षामा प्रत्यक्ष असर परेको, अनाथ बालबालिकाहरूको संरक्षण गर्ने दायित्व नेपाल सरकारको रहेको तर सङ्ठनलाई नेपाल सरकारको प्रत्यक्ष निगरानीमा राखी सञ्चालन गर्नुपर्ने दायित्वप्रति सरकारको उदासीनताले बालबालिकाको अधिकार सङ्कुचनमा परेको पाइएको छ ।

भूकम्पले जीर्ण अवस्थामा रहेका बाल गृहहरूको शीघ्र पुनर्निर्माणका लागि आवश्यक पहल हुनुपर्ने, मानसिक तथा शारीरिक रूपले अशक्त बालबालिकाको उचित स्याहारको लागि पर्याप्त जनशक्तिको व्यवस्था गर्नुका साथै अन्य बालबालिकाहरूबाट अलग शिक्षा, स्वास्थ्य लगायतका विशेष व्यवस्था गर्नुपर्ने अनुगमन टोलीको सुझाव रहेको छ । अपाङ्गमैत्री भौतिक संरचना निर्माण गर्नुपर्ने, बालबालिकालाई मौसमअनुसार आवश्यक कपडाको पर्याप्त व्यवस्था गर्न सुझाव दिएको छ । नेपाल बाल सङ्गठनअन्तर्गत सञ्चालनमा रहेका बाल गृहका बालबालिकाहरूको गाँस, बास, कपास, शिक्षा तथा स्वास्थ्यको विषयमा यथोचित व्यवस्थापन गर्नुको साथै सङ्गठनको नाममा रहेको सम्पत्तिको उचित व्यवस्थापनका लागि नेपाल सरकारले सङ्गठनलाई आफ्नो प्रत्यक्ष जिम्मेवार निकायअन्तर्गत ल्याइ सम्पत्तिको अवैध प्रयोगमा रोक लगाउन शीघ्र कदम चाल्नुपर्ने अनुगमन टोलीको निष्कर्ष रहेको छ ।

## मर्यादित महिनावारी विषयक अन्तर्राष्ट्रिय कार्यशाला

**काठमाडौँ**/राष्ट्रिय मानव अधिकार आयोग नेपाल र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहकार्यमा दक्षिण गोलार्धीय मर्यादित महिनावारी सञ्जालले मिति २०७७ मङ्सिर २३–२५ सम्म तीन दिवसीय मर्यादित महिनावारी विषयक अन्तर्राष्ट्रिय कार्यशाला सम्पन्न गरेको छ ।

मर्यादित महिनावारी र महिलाहरूको सम्पूर्ण जीवनको विविध अधिकारको सुनिश्चितता गर्न पहल गर्ने, महिनावरी भएको समयमा अन्तर्राष्ट्रिय रूपमै महिलाहरूले कुनै न कुनै विभेदबाट गुज्रिनुपर्ने स्थितिले गर्दा यसलाई अभियानको रूपमा नै अगाडि बढाउन सहयोग पुऱ्याउने उद्देश्यले उक्त कार्यशालाको आयोजना गरिएको हो ।

तीन दिनसम्म सञ्चालित उक्त कार्यशालामा मर्यादित महिनावारी, महिनावारी भएको समयमा महिला, बालिकाहरूले भोग्नुपरेका समस्याहरू तथा अनुभव आदानप्रदान, समस्या समाधानका लागि आगामी दिनमा चाल्नुपर्ने कदमहरू लगायतका विषयमा विभिन्न सत्रहरूमा छलफल सम्पन्न भएको थियो । छलफलको क्रममा महिलाहरू विभिन्न प्रकारका परम्परावादी सोच र कुप्रथाका कारण विभेदमा पर्दै आएको सहभागीहरूले बताएका थिए । महिनावारी महिलाहरूको शारीरिक तथा प्राकृतिक विषय भएकोले यसलाई कुनै सामाजिक परम्परा, संस्कृति र मूल्यमान्यताका आधारमा विभेद तथा वहिष्करणमा पार्न नहुनेमा वक्ताहरूले जोड दिएका थिए । महिनावारी भएको समयमा वहिष्करणमा परेका महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका

क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्नुका साथै उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार कुण्ठित भएको भनाइ छलफलको क्रममा उठेको थियो । नेपालका विभिन्न जातजाति र समुदायमा महिनावारीलाई अपवित्र मानेर बार्नुपर्ने, सामाजिक, धार्मिक तथा सांस्कृतिक कार्य र दैनिक जीवनको गतिविधिमा समेत बन्देज लगाउने कुप्रथा नेपाल लगायत विभिन्न स्वरूपमा विश्वभर प्रचलनमा रहेको सहभागीहरूले बताएका थिए । यस प्रकारको कुप्रथाको नियन्त्रणको लागि महिलाहरूको मात्र नभई राजनीतिक दल, सरकारी तथा प्रशासनिक निकाय, गैरसरकारी संस्था लगायत सबै सरोकारवालाको भूमिका महत्त्वपूर्ण रहने धारणा वक्ताहरूबाट राखिएको थियो ।

कार्यशालाको उद्घाटनको क्रममा नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पार्वत गुरुङ प्रमुख अतिथि रहनुभएको थियो भने आयोगका सचिव वेद भट्टराईले सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । सो क्रममा उहाँले मानवीय मर्यादाको लागि धेरै रकम खर्च गर्नु नपर्ने मात्र हाम्रो व्यवहार र सोचाइलाई सकारात्मक परिवर्तन गर्न आवश्यक पर्ने बताउँदै नेपाललगायत अन्य देशहरूमा महिनावारी भएको बेला गरिने विभेद र लाञ्छनाको तह र मापन फरक हुने धारणा राख्नुभयो । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलन गर्ने सम्बन्धी महासन्धिले समेत कुनै पनि व्यक्तिलाई लिङ्ग, जत, धर्म, क्षेत्रको आधारमा विभेद गरिनु हुन्न भन्ने विषयलाई उल्लेख गरेको जानकारी उहाँले गराउनुभयो । विशेषगरी आर्थिक रूपमा विपन्न परिवार र समाजका महिला र बालिकाको अवस्था थप दुःखदायी रहेको उहाँले बताउनुभयो ।

नेपालको सुदूरपश्चिमका अधिकांश जिल्लाहरूमा महिनावारीलाई छाउ बार्ने भन्ने गरिएको पाइन्छ । नेपाल सरकारले छाउपडी नियन्त्रणको लागि कानुन निर्माण गरी फौजदारी अभियोगमार्फत पीडिकलाई कानुनी दायरामा ल्याउन सक्ने व्यवस्था गरेको छ । कानुनी सचेतनाको अभाव देखिएकोले राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकाय, सञ्चारमाध्यमहरूले सचेतनाका कार्यक्रमहरूलाई गाउँ तथा तल्लो तहसम्म पुर्‍याउनुपर्ने देखिन्छ । महिनावरी भएकी महिला बालिकालाई कुनै किसिमको विभेदजन्य व्यवहार गर्नुहुँदैन । यस्तो किसिमको व्यवहार गरेमा सजायको भागिदार हुन्छ भन्ने सन्देश सञ्चारमाध्यमबाट निरन्तर प्रवाह हुन जरुरी छ । कार्यशालाको विभिन्न सत्रहरूमा नेपाल, भारत, म्यानमार, इन्डोनेसिया, मलेसिया, अष्ट्रेलिया लगायतका देशबाट करिब एक हजार जनाको भर्चुअल माध्यमबाट सहभागिता रहेको थियो ।

## नागरिकको स्वास्थ्य अधिकार अवस्थाबारे अनुगमन

आयोगको प्रदेश नं. १ शाखा कार्यालयले खोटाङ र ओखलढुङ्गाका नागरिकहरूको स्वास्थ्यको अधिकार अवस्था सम्बन्धमा अनुगमन सम्पन्न गरेको छ । अनुगमनबाट प्रायःजसो स्थानीय निकायहरूमा विशेषतः सङ्घीय सरकारबाट निःशुल्क वितरण गर्ने भनिएका औषधिहरूको अपर्याप्तता रहेको पाइएको थियो भने कतिपय स्वास्थ्य चौकीहरूमा सुत्केरी भएपछि तत्काल लगाउनु पर्ने नाभी मलमको अभाव रहेको देखिएको थियो । अनुगमनबाट यस आर्थिक वर्षको सुरुका चार महिनामा सुत्केरी भएका महिलाहरूमध्ये १६ प्रतिशत महिलाहरूले २० वर्षभन्दा कम उमेरमा बच्चा जन्माएको पाइएको थियो । जुन तथ्याङ्कले यी जिल्लामा बाल विवाहको अवस्था गम्भीर रहेको पाइएको थियो ।

## वातावरण विकास र मानव अधिकार सम्बन्धमा अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग सामूहिक महाशाखाबाट प्रदेश नं २ अर्न्तगतका औद्योगिक करिडोरमा रहेका उद्योगहरूले वातारणमा पारेको प्रभाव सम्बन्धमा मिति २०७७ माघ २०–३० सम्म अनुगमन सम्पन्न भएको छ । अनुगमनको क्रममा उद्योगहरूले उत्पादन गरेको फोहोरमैला व्यवस्थापनको अवस्था, फोहोरमैलाले वातावरणमा पारेको प्रभाव, प्रदूषण नियन्त्रण गर्न अपनाइएका विषय, वातावरण प्रभाव मूल्याङ्कन, उद्योगको सामाजिक उत्तरदायित्व, प्रदूषणले स्वास्थ्यमा पार्ने असर, सरकारको भूमिका लगायतका विषय स्थानीय सरोकारवालासँग जानकारी लिइएको थियो । अनुगमनबाट प्राप्त तथ्यहरूमा छलफलसमेत गरिएको

थियो । छलफलमा स्थानीय उद्योग व्यवसायी, उपभोक्ता अधिकार मञ्च, औद्योगिक क्षेत्र वरपरका स्थानीय समूदाय, स्थानीय निकायका पदाधिकारी, स्थानीय प्रशासक समेत गरी ८९ जनाको सक्रिय सहभागिता रहेको थियो ।

आयोगले सोही विषयमा फागुन २२ देखि चैत २ गतेसम्म प्रदेश नं १ का चार जिल्लामा उद्योगले वातावरणमा पारेको प्रभाव सम्बन्धमा अनुगमन गरी सरोकारवालासँग छलफल कार्यक्रम सम्पन्न गरेको छ। छलफलमा उद्योगी-व्यवसायीको समस्या, उद्योगबाट निस्किने फोहोरमैला व्यवस्थापन ,उद्योग वरपर रहेका वस्ती बिस्तारबाट परेको समस्या, आगामी दिनमा अपनाउनु पर्ने विषय, पीडित परिवारको आवाज स्थानीय निकायको प्रयास सम्बन्धमा छलफल भएको थियो। प्रदेश नं १ मा दुइ पटक छलफल सम्पन्न भएकोमा ११५ जनाको सहभागित रहेको थियो ।

## पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धमा अन्तरक्रिया



राष्ट्रिय मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाको आयोजनामा २०७७ फागुन १४ गते र १७ गते पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाका सम्बन्धमा नुवाकोट र काभ्रेपलाञ्चोक जिल्लामा अन्तरक्रिया तथा छलफल सम्पन्न भएको छ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा जारी गरिने उक्त कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने महत्त्वपूर्ण जिम्मेवारी पाएको राष्ट्रिय मानव अधिकार आयोगले कार्ययोजना कार्यान्वयनमा सरोकार राख्ने जिल्लास्थित स्थानीय तह, सरकारी निकायहरू, गैसस.का प्रतिनिधिहरू, पत्रकार एवं मानव अधिकारकर्मीहरूको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरेको हो । नुवाकोट र काभ्रेपलाञ्चोक जिल्लामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुखको प्रमुख आतिथ्यता र आयोगका मानव अधिकार अधिकृत खिमानन्द बस्यालको अध्यक्षता रहेको थियो । कार्यक्रममा उपस्थित सरोकारवाला निकायका प्रतिनिधिहरूले मानव अधिकार कार्ययोजनाको कार्यान्वयन र अनुगमनमा आ-आफ्नो तर्फबाट प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । कार्ययोजना कार्यान्वयनमा समन्वय गर्न व्यवस्था गरिएका समितिका प्रतिनिधिहरूले सरकारको तर्फबाट कार्ययोजनाका सम्बन्धमा कुनै परिपत्र नगरिएका कारण आफुहरू कार्ययोजनाका सम्बन्धमा बेखबर रहेको गुनासोसमेत गर्नुभएको थियो ।

## कोभिड-१९ को खोपमा पहुँच तथा मानव अधिकार अवस्थाको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाको टोलीले सिन्धुपाल्चोक जिल्लामा कोभिड-१९ महामारीको जोखिममा रहेका वर्गको खोप अभियानमा पहुँचको अवस्थाका बारेमा अनुगमन कार्यक्रम सम्पन्न भएको छ । मिति २०७७ फागुन १६ देखि २२ गते सम्म सम्पन्न उक्त अनुगमन कार्यक्रमको नेतृत्व अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा प्रमुख उप-सचिव मञ्जु खतिवडाले गर्नुभएको थियो । कोरोना महामारीका कारण जोखिममा रहेको जनसङ्ख्याले हाल सरकारद्वारा सञ्चालित खोप कार्यक्रममा सहज र सुलभ पहुँच भए-नभएको सम्बन्धमा सिन्धुपाल्चोक जिल्लामा अनुगमन गरिएको थियो उक्त अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, मानव अधिकारकर्मी र पत्रकारहरूसँग समेत छलफल गरिएको थियो। खोप नयाँ भएकोले स्थानीय जनप्रतिनिधिहरू तथा स्वास्थ्यकर्मीहरूले समेत नलगाएको अनुगमनको क्रममा पाइएको छ। भण्डारणको समस्याले गर्दा तल्लो तहसम्म खोप पुर्‍याउन नसकिएको बुझिएको छ ।

**युपिआरबाट नेपाललाई प्राप्त सिफारिसको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया**राष्ट्रिय मानव अधिकार आयोग, रणनीतिक सहयोग परियोजनाको सहयोग र अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाको आयोजनामा मिति २०७७ फागुन २८ गते युपिआरबाट

नेपाललाई प्राप्त सिफारिसको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । Universal Periodic Review(UPR) को तेस्रो चक्रमा नेपालको समीक्षा भई संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूबाट मानव अधिकार सुदृढीकरणको लागि नेपाललाई २३३ ओटा सिफारिस प्राप्त हुन आएको सन्दर्भमा उक्त सिफारिसको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकाय तथा नागरिक समाजसँग रायसुझाव सङ्कलन गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्षज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आयोगका सचिव श्री वेद भट्टराईले उपस्थित सहभागीहरूलाई स्वागत तथा उद्देश्यमाथी प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा सरकारको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सहसचिव श्री कोशलचन्द्र सुवेदीले र राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट सहसचिव श्री दिपकजङध्वज कार्की र नागरिक समाजका तर्फबाट इन्सेकका प्रतिनिधि विजयराज गौतमले प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमकी आवासीय प्रतिनिधि Ashanie Labe ले राष्ट्रिय मानव अधिकार आयोगले उपयुक्त समयमा महत्त्वपूर्ण विषयमा कार्यक्रम आयोजना गरेकोमा आयोगप्रति आभार व्यक्त गर्नुभएको थियो । भविष्यमा अझै बृहत सहभागितासहितको कार्यक्रम गर्न आयोगलाई आग्रह गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन र समन्वय आयोगकी उपसचिव श्री मञ्जु खतिवडाले गर्नुभएको थियो

### ।लैङ्गिक समानता तथा समाजिक समावेशीकरण विषयक तालिम

राष्ट्रिय मानव अधिकार आयोगको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखाको आयोजनामा मिति २०७७/११/१९–२१ सम्म “लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी तीन दिवसीय तालिम धुलिखेलमा सम्पन्न भएको छ ।

आयोगले लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति निर्माण गरी लागु गरेको छ । यसै सन्दर्भमा उक्त




नीतिको प्रभावकारी कार्यान्वयन तथा नीतिमा उल्लेख भएबमोजिम सबै कर्मचारीहरूलाई क्रमश: लैङ्गिक संवेदनशील कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी तालिम दिने कार्यक्रमअनुरूप राष्ट्रिय मानव अधिकार आयोगको आयोजना तथा आयोगको रणनीतिक योजना सहयोग परियोजनाको सहयोगमा तालिम सञ्चालन गरिएको थियो । तालिममा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणसम्बन्धी आधारभूत ज्ञान तथा लैङ्गिक संवेदनशील कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा जानकारी गराइएको थियो । साथै उक्त तालितमा आयोगद्वारा निर्माण गरिएको लैङ्गिक नीति र यसको औचित्यताको बारेमा समेत जानकारी गराइएको थियो ।

तालिममा आयोगका सबै प्रदेश तथा प्रदेश शाखा कार्यालयका CEDAW फोकल अधिकृतहरू र केन्द्रीय कार्यालयका कर्मचारीहरू समेत गरी जम्मा २८ जनाको सहभागिता रहेको थियो । साथै अन्य संवैधानिक आयोगहरू महिला आयोग, दलित आयोग र जनजाति आयोगका एक-एक जना प्रतिनिधिसमेतको सहभागिता रहेको थियो ।

उक्त तालिममा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणसम्बन्धी आचारसंहिताको मस्यौदामा छलफल गरी अन्तिम रूप दिइएको थियो । लैङ्गिक समानता तथा समाजिक समावेशीकरणसम्बन्धी आचारसंहितामा अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर मार्च १० मा आयोगको परिसरमा छोटो छलफलको आयोजना गरी आयोगका अध्यक्ष, सदस्यहरू, सचिव

लगायत सम्पूर्ण कर्मचारीहरूले हस्ताक्षर गर्नुका साथै उक्त आचारसंहिताको पालना गर्ने प्रतिबद्धता जनाइएको थियो ।

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण महाशाखाबाट लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीतिसम्बन्धी सबै प्रदेश तथा प्रदेश शाखा कार्यालयमा समेत जानकारी गराउने योजना अनुरूप आयोगको सुदुरपश्चिम प्रदेश कार्यालय धनगढीमा कार्यरत कर्मचारीहरूलाई मिति २०७७/११/११ गते सो नीतिको बारेमा बिस्तृत जानकारी गराइएको थियो ।

## काठमाडौं र ललितपुर जिल्लाका प्रजिअ तथा सुरक्षा प्रमुखहरूसँग आयोगको छलफल

सर्वोच्च अदालतमा विचाराधीन रहेको प्रतिनिधि सभा विघटनसम्बन्धी नेपाल सरकारको निर्णयको पक्ष र विपक्षमा दैनिकजसो प्रदर्शन तथा विरोधका कार्यक्रमहरू भइरहेको र विभिन्न राजनीतिक दलहरू, समूह तथा नागरिक समाजले देशव्यापी रूपमा थप विरोधका कार्यक्रम तथा प्रदर्शनहरू गर्ने जानकारी आयोगलाई प्राप्त हुन आएको थियो । यसै सन्दर्भमा सम्भावित जनधनको क्षतिलाई रोक्न, नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवम् शान्तिपूर्णरूपमा प्रदर्शन गर्न पाउने, भेला हुन पाउने अधिकारको सम्मान गर्न, प्रदर्शनको क्रममा न्यूनतम बल प्रयोगका सिद्वान्तको पालना गर्दै आवश्यकता भन्दा बढी बल प्रयोग गर्ने स्थिति सिर्जना हुन नदिन आयोगको वाग्मती प्रदेश कार्यालयले काठमाडौं र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू कालीप्रसाद पराजुली र ढुण्डिप्रसाद निरौला तथा दुवै जिल्लाका सुरक्षा प्रमुखहरू प्रहरी वरिष्ठ उपरीक्षक अशोक सिंह र किरण बज्राचार्यसँग छलफल गरी ध्यानाकर्षण गराएको छ ।

छलफलमा आयोगका सचिव वेद भट्टराईले नागरिकको संवैधानिक हकको उपभोग गर्न प्रहरी, प्रशासनले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने तथा प्रदर्शनकारीहरूले पनि संयमता अपनाई आफ्ना विमतिहरू शान्तिपूर्ण रूपमा प्रकट गर्नुपर्ने बताउनुभयो । प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले स्थानीय प्रशासनले नागरिकको अधिकार तथा जनधनको सुरक्षा गर्न संबेदनशील भै कार्य गरिआएको बताउनु भयो । उहाँले प्रदर्शनकारीहरूलाई संयमित भई प्रदर्शन गर्न र सुरक्षाकर्मीहरूलाई पनि मानव अधिकारको सम्मान गर्दै अधिक संयमता अपनाउन आग्रह गरिएको बताउनुभयो । त्यसैगरी प्रमुख जिल्ला अधिकारी ढुण्डीप्रसाद निरौलाले शान्ति सुरक्षा, लोकतन्त्र र मानव अधिकार संरक्षणको विषयलाई प्रशासनले सदैव प्राथमिकतामा राखेको बताउनु भयो । वहाँले नेपाल प्रहरी जनताको जीउधनको रक्षा र मानव अधिकारको सम्मान गर्न सदैव तत्पर रहने बताउनु भयो । राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालयमा भएको छलफलमा प्रदेश अन्तरगतको मानव अधिकारको अवस्थासमेत प्रस्तुत गरिएको थियो ।

## लोपोन्मुख चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवस्था अनुगमन

अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा आयोगको वाग्मती प्रदेश कार्यालयले आदीवासी जनजातिका अधिकार अन्तर्गत मकवानपुर जिल्लाको पश्चिम सिमानामा अवस्थित राक्सिराङ्ग गाउँपालिकाका लोपोन्मुख चेपाङ्ग जातिको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था सम्बन्धमा अनुगमन गरेको छ ।

राक्सिराङ गाउँपालिका आदिवासी-जनजाति समुदायको बाहुल्यता रहेको गाउँपालिका हो । चेपाङ र तामाङसहित अन्य जातिको बसोबास रहेको यस पालिका भौगोलिक रूपमा अत्यन्त विकट छ भने यस क्षेत्रमा बसोबास गर्ने अधिकांश आदिवासी समुदायको आर्थिक तथा सामाजिक अवस्था कमजोर देखिन्छ । चेपाङ्ग तथा आदीवासी जनजातिका अधिकार सम्बन्धमा अनुगमनको लागि वाग्मती प्रदेश कार्यालयका सहसचिव यज्ञप्रसाद अधिकारी र मानव अधिकार अधिकृत जायश्वर चापागाई संलग्न टोली मिति २०७७।८।२७ देखि २०७७।९।४ सम्म खटिएको थियो ।

अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा टोलीले स्थानीय, प्रदेश तथा सरोकारवाला निकायलाई विभिन्न सुझावहरू प्रस्तुत गरेको छ । चेपाङ जातिको आर्थिक,

सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षणका लागि कार्यक्रम तर्जुमा गर्नुका साथै थप जागरुक हुनुपर्ने, चेपाङ लगायत सिमान्तकृत एवम् लोपोन्मुख समुदायका आवास, खाद्यान्न, शिक्षा, संस्कृति, आर्थिक अधिकारलगायतका विषयमा प्रदेश सरकारबाट आफ्नो नीतिगत तहबाटै विशेष कार्यक्रमसहित बजेट विनियोजन हुनुपर्ने अनुगमन टोलीको सुझाव रहेको छ । राक्सीराङ गाउँपालिकाको चैनपुरमा चेपाङ्गहरूको लागि जिल्ला पञ्चायतको नाममा तत्कालीन समयमा किनिएको जग्गामा हाल चेपाङहरू नरहेको र उक्त स्थानमा अस्थायी प्रहरी चौकी, गाउँपालिका भवन, विद्यालय, स्वास्थ्य चौकीलगायतका कार्यालयहरू सञ्चालनमा रहेको पाइएकोले उक्त जग्गा बराबरको क्षेत्रफल उपयुक्त स्थानमा विकल्पको रूपमा चेपाङ समुदायलाई उपलब्ध गराई चेपाङ समुदायको सांस्कृतिक अधिकारको प्रत्याभूति गरिनुपर्ने सुझाव रहेको छ । गाउँपालिका स्तरमा चेपाङ समुदायको लागि कुनै पनि नीति, योजना, बजेट कार्यक्रम तर्जुमा गर्दा उनीहरूको अर्थपूर्ण र सार्थक सहभागिता सुनिश्चित गरिनुपर्ने, नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा ५ अनुसार राक्सिराङ गाँउपालिकालाई कानुनी र संरचनागत व्यवस्था गरी विशेष, संरक्षित वा स्वायत्त क्षेत्रमध्ये कुनै एक घोषणा गरिनुपर्ने तथा मकवानपुर, चितवन, धादिङ लगायतका जिल्लामा रहेका लोपोन्मुख चेपाङ जातिको शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच बढाउन सरोकारवाला निकायबीच सचेतना बढाउनुपर्नेमा टोलीको सुझाव रहेको छ । त्यसैगरी लोपोन्मुख चेपाङ जातिको हकहित र संरक्षणको विषयलाई प्रदेश तथा स्थानीय सरकारको आगामी आ.व. २०७८।२०७९ को वार्षिक कार्ययोजनमा प्राथमिकताको सूचीमा राख्ने विषयमा प्रदेश सरकार र स्थानीय सरकारबिच समन्वय हुनुपर्ने लगायतका सुझावहरू टोलीले प्रस्तुत गरेको छ ।

## वार्षिक गतिविधीसम्बन्धी पुस्तक विमोचन

नेपालको संविधान, २०७२ को भाग २५, धारा २४९ बमोजिम आयोगलाई प्रदान गरेको मानव अधिकार संरक्षणको कार्य तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार आयोगलाई मानव अधिकारको संरक्षणका लागि मानव अधिकार शिक्षा मुलक, प्रवर्धनात्मक कार्य गर्ने दायित्व तोकेको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालयले आ.ब. २०७६/७७ मा सम्पादित कार्यसहित वाग्मती प्रदेश अन्तरगतका १३ जिल्लाको मानव अधिकार अवस्था गतिविधि सम्बन्धी प्रतिवेदन वाग्मती प्रदेश सभाका माननीय सभामुख श्री सानुकुमार श्रेष्ठबाट मिति २०७७ कार्तिक २० गते भर्चुअल कार्यक्रमको माध्यामबाट विमोचन भएको थियो ।

वाग्मती प्रदेशको बार्षिक गतिविधी पुस्तक विमोचन कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोगका सचिव वेदप्रसाद भट्टराईले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथिमा वाग्मती प्रदेश सभाका माननीय सभामुख श्री सानुकुमार श्रेष्ठ रहनुभएको थियो। अतिथिहरूमा प्रदेश सभा माननीय सदस्यहरू, नेपाल बार एशोसिएसनका प्रतिनिधि, मानव अधिकारकर्मी रहनुभएको थियो । कार्यक्रममा उपसचिव सरिता ज्ञवालीले स्वागत मन्तव्य राख्नुभएको थियो । वाग्मती प्रदेश कार्यालयका कार्यालय प्रमुख तथा सहसचिव यज्ञप्रसाद अधिकारीले वार्षिक रूपमा सम्पन्न गतिवीधिहरूलाई समेटेर प्रदेशको समग्र मानव अधिकारको अवस्थासम्बन्धी प्रस्ततीकरण गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन जुम प्रविधिमार्फत मानव अधिकार अधिकृत जायश्वर चापागाईले गर्नुभएको थियो ।

## जेष्ठ नागरिकहरूको मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले वृद्धाश्रममा रहेका जेष्ठ नागरिकहरूको अवस्था सम्बन्धमा अनुगमन गर्नुका साथै अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा सरोकारावालासँग अन्तर्क्रिया गरेको छ । आयोगको केन्द्रीय कार्यालयका अधिकृतहरूको टोलीले वाग्मती प्रदेशका रामेछाप, सिन्धुपाल्चोक, काभ्रे जिल्लामा रहेका ६ आश्रम र धादिङ जिल्लामा रहेका दुई गरी जम्मा आठ ओटा आश्रमको स्थलगत अनुगमन गरेको हो ।

वृद्धाश्रममा रहेका जेष्ठ नागरिकहरू र अन्य जेष्ठ नागरिकहरूको अधिकार उपभोगको अवस्था अध्ययन गर्ने, जेष्ठ नागरिकहरूको अधिकार संरक्षण र सम्वर्द्धका सम्बन्धमा आयोगबाट भएका पहलहरूको जानकारी गराउनेलगायतका उद्देश्यले अनुगमन गरिएको थियो ।

कतिपय जेष्ठ नागरिकहरूले नागरिकता प्राप्त गर्न नसकेको तथा अपाङ्गता भएका जेष्ठ नागरिकहरू परिचय पत्र पाउन

नसकेका कारण राज्यबाट प्राप्त हुने सेवा सुविधाबाट वञ्चित हुन पुगेको अनुगमनबाट पाइएको छ । मुटुरोग, दम, श्वासप्रश्वाससम्बन्धी समस्या, मानसिक समस्या, पाठ्यघर खस्ने, रक्तचापलगायतका समस्याहरू अधिकांश व्यक्तिहरूमा रहेको अनुगमनको क्रममा देखिएको छ । आर्थिक अभावका कारण नियमित रूपमा औषधी सेवन गर्नुपर्ने वृद्धवृद्धाहरूलाई औषधी उपचारमा कठिनाई भोग्नुपरेको अवस्था छ । सबै जिल्लाहरूमा जेरियाट्रिक विशेषज्ञको अभावले उपचारमा समस्या आइपरेको, कतिपय आश्रममा सरसफाई, सन्तुलित भोजन, स्याहार-सुसार लगायतका सुविधा नहुँदा समस्या भोग्नु परेको आयोगको अनुगमनबाट पाइएको छ । जेष्ठ नागरिकको अधिकारका लागि विद्यमान कानुनी र कार्यक्रमगत रूपमा व्यवस्था भएपनि नियामक निकायबाट अनुगमन तथा नियमन हुन नसक्दा जेष्ठ नागरिकहरूले समस्या भोग्नुपरेको अनुगमनको क्रममा पाइएको छ ।

## बाल यौन दुर्व्यवहारसम्बन्धी घटनाको आकस्मिक अनुगमन

झापास्थित एक विद्यालयका शिक्षकद्वारा भएको भनिएको बाल यौन दुर्व्यहारसम्बन्धी घटनाको आयोगको प्रदेश १ कार्यालयले अनुगमन गरेको छ । घटना सम्बन्धमा विभिन्न सञ्चारमाध्यम तथा स्थानीय अधिकारकर्मीहरूबाट आयोगलाई जानकारी प्राप्त भएको थियो ।

आयोगको अनुगमन टोलीले सम्बन्धित विद्यालयमा पुगी अनुगमन गर्नुका साथै शिक्षक तथा शिक्षिकाहरूसँग घटना सम्बन्धमा जानकारी लिएको छ । निज शिक्षकको स्वभाव कडा रहेको, आफ्नै छोराछोरीजस्तो गरी सानैदेखि नै पढाउँदै आएको, ढाडमा पिटने, गाला तान्ने गरेको तर सञ्चार माध्यममा आएजस्तो दुर्व्यहार नगरेको जानकारी आयोग टोलीलाई गराएको थियो । बाहिर आएजस्तो कार्य नभएको भनिए पनि टोलीले यस्ता कार्य नगर्न सचेत गराएका थियो ।

टोलीले इलाका प्रहरी कार्यालय दमक, झापाका प्रहरी नायव उपरीक्षकसँग घटनाको बारेमा सोधपुछ गरेको थियो । सो क्रममा बाल यौन दुर्व्यवहार गरेकोले कारबाही गरिपाउँ भनी किटानी जाहेरी परेको र निजलाई जिल्ला अदालतको स्वीकृतिमा हिरासतमा राखी आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जानकारी प्रहरी कार्यालयबाट प्राप्त भएको छ । टोलीले स्थानीय महिला अधिकारकर्मीसँग समेत घटनाको सम्बन्धमा जानकारी लिएको छ ।

आयोग, प्रदेश नं. १ कार्यालय विराटनगरले शिक्षक सालिग्राम पोखरलेलाई कारबाही नगरेको पाइएकोले यथाशीघ्र अनुसन्धान गरी कारबाहीको सम्बन्धमा आयोगलाई जानकारी गराउन कमल गाउँपालिकाको कार्यालय, शिक्षा शाखा केम्पा, झापामा पत्राचार गरको छ । उक्त घटनाको निष्पक्ष र विश्वसनीय अनुसन्धान गरी दोषीलाई कानुनी कारबाही गर्न तथा पीडित परिवारको संरक्षण र उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने अनुगमन टोलीको सुझाव रहेको छ ।

## मानसिक स्वास्थ्यसम्बन्धी समस्या पीडितहरूलाई आयोगको पहलमा उद्धार

मोरङ जिल्लाको विराटनगर नगरपालिका भित्र विभिन्न ठाउँमा बेवारीसे अवस्थामा रहेका एकजना १० वर्षको बालकसहित चार जनालाई राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ कार्यालय विराटनगरको पहलमा उद्धार गरिएको छ ।

विराटनगर महानगरपालिकाको सामाजिक महाशाखाको सहकार्यमा नगरप्रहरी सहितको टोलीले मानव सेवा आश्रम विराटनगर पोखरीया र तीनटोलीयाको सयहोगमा उद्धार गरेको थियो ।

स्थानीयहरूले आयोगलाई जानकारीपछि विराटनगर महानगरपालिका वडा नं. ३ कञ्चनवाढीमा बेवारिसे अवस्थामा बब्लु चौधरी र विराटनगर महानगरपालिका ११ जनपथटोलस्थित एक घरमा रहेको कुखुराको खोरमा राखिएका १० वर्षीय बालकसहित दुई जनालाई उद्धार गरेको थियो ।

त्यस्तै विराटनगर महानगरपालिका ६ सरौचियामा बेवारिसे अवस्थामा चमेली साहको उद्धार गरिएको छ । मानसिक अवस्था तथा लागू औषधको कारण समस्यामा रहेकी उनको उपचार हाल मानव सेवा आश्रमको सहयोगमा भइरहेको छ ।

आयोगको विराटनगर कार्यालयले उनीहरूको अवस्था र मानव सेवा आश्रमको अनुगमन गरी सेवा प्रवाहको बारेमा जानकारी लिइएको थियो । प्राप्त जानकारीअनुसार १० वर्षिय बालकसहित अन्य एकजनालाई परिवारमा पुनर्मिलन गराइएको र उद्धार गरिहएकाहरूको उपचार भइरहेको छ ।


**संयोजन/सम्पादन मण्डल**

**कैलाशकुमार सिवाकोटी**
**दुर्गा पोखरेल**
**पवन भण्डारी**

सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा
राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, लपितपुर